संघीय संसद
प्रतिनिधि सभा, २०७९
पहिलो अधिवेशन
बैठक संख्या - १४

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल चैत ५ गते आइतबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १:०५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री भानुभक्त जोशी
२. मा० श्री महेश कुमार बर्तौला
३. मा० श्री माधव सापकोटा
४. मा० श्री मंगल प्रसाद गुप्ता
५. मा० श्री योगेश कुमार भट्टराई
६. मा० श्री रघुजी पन्त
७. मा० श्री रण कुमारी वलम्पाकी मगर
८. मा० श्री रणेन्द्र बराली
९. मा० श्री रमा कोइराला पौड्याल
१०. मा० श्री राजकिशोर यादव
११. मा० श्री राजेन्द्र कुमार के.सी.
१२. मा० श्री राम कुमार राई
१३. मा० श्री रामहरि खतिवडा
१४. मा० श्री रामकृष्ण यादव
१५. मा० श्री रुपा सो.शी. (चौधरी)
१६. मा० श्री रोसन कार्की
१७. मा० श्री लालप्रसाद साँवा लिम्बु
१८. मा० श्री लिलानाथ श्रेष्ठ

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त निम्नलिखित पत्रको व्यहोरा पढेर सुनाउनु भयो ।

(क) सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मिति २०७९/१०/०३ गते गठन भएको मौजुदा मन्त्रिपरिषद्का माननीय उपप्रधानमन्त्री एवं ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्री श्री राजेन्द्रप्रसाद लिङ्देन, माननीय सहरी विकास मन्त्री श्री विक्रम पाण्डे, माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री ध्रुवबहादुर प्रधान र माननीय ऊर्जा, जलस्रोत तथा सिंचाई राज्यमन्त्री श्री दिपकबहादुर सिंहले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले उल्लिखित मन्त्रालयहरुको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाल्ने गरी जिम्मेवारी तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु ।

(यादवप्रसाद कोइराला)
मिति : २०७९/११/१४ सचिव

(ख) सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले मिति २०७९/१०/०३ गते गठन भएको मौजुदा मन्त्रिपरिषद्का देहाय बमोजिमका मन्त्रीहरुले नेपालको संविधानको धारा ७७ को उपधारा (२) को खण्ड (क) बमोजिम आफ्नो पदबाट राजीनामा दिनुभएकोले उल्लिखित मन्त्रालयहरुको कार्यभार सम्माननीय प्रधानमन्त्रीज्यूले सम्हाल्ने गरी जिम्मेवारी तोक्नु भएको व्यहोरा सादर अनुरोध गर्दछु ।

| | | |
|---|---|---|
| १) | श्री विष्णुप्रसाद पौडेल | उपप्रधानमन्त्री एवं अर्थ मन्त्री |
| २) | श्री ज्वाला कुमारी साह | कृषि तथा पशुपन्छी विकास मन्त्री |
| ३) | श्री दामोदर भण्डारी | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री |
| ४) | श्री राजेन्द्रकुमार राई | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री |
| ५) | श्री विमला राई पौड्याल | परराष्ट्र मन्त्री |
| ६) | श्री पदम गिरी | स्वास्थ्य तथा जनसंख्या मन्त्री |
| ७) | श्री भगवती चौधरी | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्री |
| ८) | श्री हरिप्रसाद उप्रेती | रक्षा मन्त्री |

(यादवप्रसाद कोइराला)
मिति : २०७९/११/१६ सचिव

तत्पश्चात सम्माननीय सभामुखले मिति २०७९ साल फागुन २५ गते सम्पन्न राष्ट्रपति पदको निर्वाचनमा तनहुँ क्षेत्र नं. १ बाट निर्वाचित प्रतिनिधि सभा सदस्य रामचन्द्र पौडेल नेपालको राष्ट्रपति पदमा निर्वाचित हुनुभएकोले उहाँले प्रतिनिधि सभा सदस्य पदबाट राजीनामा दिनुभएकोले नेपालको संविधानको धारा ६२ को उपधारा (६) र धारा ८९ को खण्ड (क) बमोजिम प्रतिनिधि सभा सदस्य पद एक रिक्त भएको व्यहोरा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१२ को उपनियम (१) बमोजिम बैठकलाई जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले २०७९/११/१२ गते गणपूरक संख्याको अभावमा निर्णयार्थ प्रस्तुत गर्न बाँकी रहेको राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त “अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७८ माथि विचार गरियोस्” भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तदुपरान्त सम्माननीय सभामुखले राष्ट्रिय सभाबाट सन्देश सहित प्राप्त “अनुगमन तथा मूल्याङ्कन विधेयक, २०७८” माथि संशोधन पेश गर्न चाहने मा० सदस्यहरुले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १११ बमोजिम बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिनसक्नुहुने व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात सम्माननीय सभामुखले “संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९” लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री प्रेम सुवालबाट विरोधको सूचना प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विधेयक प्रस्तुतकर्ता सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तत्पश्चात विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

यसैबीच सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्रीलाई विधेयक प्रस्तुत गर्न अनुमति दिनुभएपछि मा० श्री योगेश कुमार भट्टराई र मा० श्री रघुजी पन्तले नियमापत्ति गर्नुहुँदै सम्माननीय प्रधानमन्त्री सदनमा उपस्थित हुनुभएको र प्रधानमन्त्री स्वयं उपस्थित भएको अवस्थामा आफ्नो कार्यक्षेत्र अन्तर्गतको विधेयक अर्को कुनै मन्त्रीबाट प्रस्तुत हुन संसदीय मर्यादा विपरित हुने भएकोले सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्रीलाई सदनमा उपस्थित गराउन रुलिङ्ग गरी प्रधानमन्त्रीबाट विधेयक प्रस्तुत हुने वातावरण बनाउनु पर्ने भन्नुभयो ।

त्यसपछि मा० सदस्यहरु, उक्त विधेयकलाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचना बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले "संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) विधेयक, २०७९" प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" लाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०४ बमोजिम मा० श्री ज्ञानबहादुर शाही र मा० श्री प्रेम सुवालबाट विरोधको सूचनाहरु प्राप्त हुन आएको व्यहोरा जानकारी गराउनु भयो ।

तत्पश्चात उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि विरोधको सूचना दिनुहुने मा० श्री ज्ञानबहादुर शाही र मा० श्री प्रेम सुवालले क्रमशः उक्त विरोध गर्नुपर्नाको कारण सहित संक्षिप्त वक्तव्य दिनुभयो ।

त्यसपछि विधेयक प्रस्तुतकर्ता सम्माननीय प्रधानमन्त्री एवं कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले उक्त विधेयकलाई प्रस्तुत गर्न अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधका सम्बन्धमा संक्षिप्त वक्तव्य दिनुभयो ।

तदुपरान्त विरोधको सूचना दिनुहुने मा० श्री ज्ञानबहादुर शाहीले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

तत्पश्चात विरोधको सूचना दिनुहुने मा० श्री प्रेम सुवालले आफ्नो विरोधको सूचना फिर्ता लिन नचाहनु भएकोले सम्माननीय सभामुखले उक्त विरोधको सूचनालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा बहुमतबाट अस्वीकृत भयो ।

त्यसपछि उक्त विधेयकलाई अनुमति माग्ने प्रस्तावमाथि प्राप्त विरोधको सूचनाहरु बहुमतले अस्वीकृत भएकोले प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १०५ बमोजिम सम्माननीय प्रधानमन्त्री एवं कानून, न्याय तथा संसदीय मामिला मन्त्रीको तर्फबाट मा० सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्माले "बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) विधेयक, २०७९" प्रस्तुत गर्नुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका मा० सभापति श्री चित्रबहादुर के.सी.को तर्फबाट समितिका सदस्य मा० श्री रमेश लेखकले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तत्पश्चात "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावमाथि अर्थात् नियमावली मस्यौदामाथिको सामान्य छलफलमा मा० श्री विराजभक्त श्रेष्ठले भाग लिनुभयो ।

त्यसपछि प्रतिनिधि सभा नियमावली मस्यौदा समितिका मा० सभापति श्री चित्रबहादुर के.सी.को तर्फबाट समितिका सदस्य मा० श्री रमेश लेखकले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात सम्माननीय सभामुखले "प्रतिनिधि सभा नियमावली मस्यौदा समितिको प्रतिवेदन, २०७९" माथि संशोधन पेश गर्न चाहने मा० सदस्यहरुले बहत्तर घण्टाभित्र आफूले पेश गर्न चाहेको संशोधनको सूचना विधेयक शाखा (प्रतिनिधि सभा) मा दिनसक्ने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल (प्रचण्ड)ले नेपालको संविधानको धारा १०० को उपधारा (२) बमोजिम प्रतिनिधि सभाबाट विश्वासको मत लिनका लागि प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १५२ को उपनियम (१) बमोजिम प्रस्तावको सूचना दिनुभएकोले सो प्रयोजनको लागि सोही नियमको उपनियम (३) बमोजिम मिति २०७९ चैत ६ गते दिनको १:०० बजे बस्ने बैठकको समय तोकेको व्यहोरा मा० सदस्यहरुलाई जानकारी गराउनु भयो ।

तदनन्तर अर्को बैठक २०७९ साल चैत ६ गते सोमबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको २.४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव